# स्थानीय राजपत्र

## केराबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, संख्या १६, ८ कार्तीक २०८१


### भाग-२

# पोषण मैत्री स्थानीयतह तथा सेवा बिस्तार कार्यक्रम कार्यान्वयन मार्गदर्शन निर्देशिका-२०८१

**कार्यपालिकावाट स्वीकृत मिति २०८१।०७।०७**

**प्रमाणिकरण मितिः२०८१।०७।०८**

## १.पृष्ठभुमी :

कोशी प्रदेश अन्तर्गत मोरङ जिल्लाको उत्तरी भागमा प्रदेशको राजधानी बिराटनगर बाट ४६ कि.मी. उत्तर पुर्बमा अबस्थित केराबारी गाउँपालिकासमुन्द्र सतहदेखिमिटर ७५ देखि २४१० मिटरसम्मको उचाईमा रहेको छ।२१९.८३ वर्ग कि.मि.

क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा १० वटावडाहरु रहेकाछन । यस पालिकाको जम्मा घरधुरी संख्या ७८३जनसंख्या ३३९४३ रहेको छ भनेदुई वर्ष मुनिकावालवालिकाको जनसंख्या ११५६ किशोरीहरुको जनसंख्या ५९८७ र अपेक्षितगर्भवतीआमाहरुको जनसंख्या ६९६ रहेको छ । यस गाउँपालिकामाशिघ्र कुपोषितवालवालिकाको संख्या ९ छ भने मध्यमकुपोषित वालवालिकाको जनसंख्या४२ रहेको छ ।गाउँपालिका क्षेत्रभित्र १ वटा पालिकाअस्पताल, ३ वटा स्वास्थ्यचौकी १ वटाशहरी स्वास्थ्यकेन्द्र तथा६ वटा आधारभुत स्वास्थ्य केन्द्र गरी जम्मा ११वटा स्वास्थ्य संस्थाहरु रहेकाछन् ।

अन्तराष्ट्रिय रुपमानै कुपोषणलाई आर्थिक, समाजिकतथामानवीयविकासको आधार तयार हुने तथादीगो विाकासको लक्ष्य पुरा गर्ने आधारको रुपमालिईएको छ । कृपोषणवाट सृजनाहुने स्वास्थ्य संवन्धि समस्याहरु गम्भीर,दूरगामीतथा अपुरणीयहुने अध्ययन अनुसन्धानले देखाएकाछन् ।कोशी प्रदेश मा ५ वर्ष भन्दामुनिकाबालबालिकाहरुमापुडकोपनाहुने ३३,% ख्याउटेपनाभएका १२% उमेर अनुरुपकमतौल भएका२४%, रहेको छ । प्रजनन उमेरका महिलाहरु (१५ देखि ४९ वर्षका) मा रक्तअल्पताभएका ४१% रहेको देखिन्छ ।

हालको नेपाली समाजको अबस्थाचित्रण गर्ने हो भने काम गर्न सक्ने यूवाजनशक्तिविदेशीखाडिमुलकमा ५० डिग्रि भन्दाबढिको तापक्रममापसिनावगाईरहेका छनभने गाउँघरमा वृद्द बृद्दा, वालवालिका र महिलाहरु मात्र देखिन्छन ।खाद्यन्नउपभोग गर्ने तरिका परिवर्तन भएको छ जसले खाद्यन्नउत्पादन, वितरण, वजारीकरणमाप्रभावपारेको छ । खेतीयोग्यजमिनवाँझो पल्टिएकाछन । विदेशवाटकमाएर पठाएको पैसाले वजारवाटविदेशवाटआयात गरिएकाकमसलयूक्तखाद्यान्न, जंकफुड, विषाधियुक्त तरकारी प्लास्टिकमाकिनेर खाने चलनवढदो छ । स्थानीय स्तरमा पाईने रैथाने वालीहरु क्रमश:लोप हुदै गएकाछन । सिमितमात्रामा गरिने उत्पादनमापनिहाईव्रिडविउ, रासाईनिकमलतथाविषाधिको प्रयोग वढि रहेको छ । वढदो जलवायू परिवर्तनले यो चुनौतिलाई बढाएको छ । उत्पादनमुखि समाजवाट आयात मुखि समाजमा परिवर्तन गरेको छ । जसले मानिसको पोषण र स्वास्थ्य स्थिति दिन प्रतिदिन विग्रदो छ । पुराना रैथाने वालीजस्तै कागुनो

फाफर, जुनेलो, कोदो, ब्रोकाउली, जौ, मकै आदिमाहुने पोषक तत्वको ज्ञाननहुदा गरिवले खाने खाद्यान्नको रुपमालिईने खाना लाई छाडी सबै भन्दाकमपोषक तत्वपाईने भात खोजिखोजिकिनिकिनिखाने नेपाली समाजको चलन छ ।

अझै पनिनेपालि समाजअशिक्षाअज्ञानता र अन्धकारमा जकडिएको छ । विभिन्नकिसिमकाअन्धविश्वास, कुरिति र कुसंस्कारले ग्रसित रहेको छ । छुवाछुत, छाउपडिप्रथा, वालविवाह, धामिझाक्रिप्रतिको विश्वास आदिजस्ता कुसंस्कार अझै पनिहाम्रो समाजमादिखिनपाईन्छन । सरसफाई सम्बन्धिअज्ञानता, जोखिमपुर्ण समयमा राम्रोसंग हातधुने वानिको विकास नहुनु, पिउने पानि सुद्धिकरणनगरी खानु, सुनौलो हजार दिनको महत्वथाहानपाउनु, उपयुक्तगर्भाधान समय तथागर्भान्तर सम्बन्धी ज्ञाननहुनु, गर्भावस्थामालिनु पर्ने सजगता सम्बन्धमाअज्ञानता, ६ देखि २४ महिनाकावालवालिकालाई समयमा पूरक तथाथपखानाखुवाउने सम्बन्धी आबश्यकजानकारी नहुनु जस्ताविभिन्न कारणले कुपोषणनिर्मुल पार्न कठिन देखिएको छ ।

नागरिकको पोषण र स्वास्थ्यअबस्थामा सुधार गर्न वहु-आयामिक दृष्टिकोणआवस्यक छ । पोषणस्थितिमा सुधार ल्याउने जिम्मा स्वास्थ्यमन्त्रालयको हो भन्ने पुरानो सोच अझै पनिपुर्णरुपमाहटिनसकेको देखिन्छ । स्वास्थ्यको क्षेत्रवाटपोषणस्थितिमा सुधार ल्याउने भनेको जम्मा २० प्रतिशतहो भने अन्य क्षेत्रहरु खानेपानितथा सरसफाई, कृषि, पशु सेवा, महिलातथावालवालिका, शिक्षा क्षेत्रलाई नेतृत्वप्रदान गर्ने स्थानीय सरकारवाट संचालनहुने पोषण संवेदनशिलक्रियाकलापहरुवाट ८० पतिशतपोषणस्थितिमा सुधार ल्याउन सकिन्छ । अहिलेको नयाँवदलिदो अबस्थामा स्थानीय सरकारलाई संविधानले दिएको अधिकार तथा उसंग भएको श्रोत र साधनको उपयोग गरी स्थानीय परिवेश र आबश्यकताको आधारमा नीतितथाकार्यक्रम तय गर्न सक्दछ । स्थानीयतहहरुले आबश्यक समन्वयमा सामाजिक, आर्थिक तथावातावरणियपक्षहरुको पहिचान गरि स्थनीयआबस्यकतापहिचान गर्ने, कार्यक्रम तय गर्ने कार्यान्वयन गर्ने तथाअनुगमनगर्न

सक्दछन ।खानेबानितथामात्रामाआबश्यक परिवर्तन, सरसफाई, अखाद्यपदार्थको विक्रिवितरणतथाउपभोगमानियन्त्रण, खानामानागरिकको जनचेतना र शिक्षाको भुमिका, महिला सशक्तिकरण, सुनौलाहजार दिनको महत्व सम्वन्धिज्ञानले नागरिकको पोषणतथा स्वास्थ्यमा धेरै महत्वपुणर् सकारात्मकभूमिका खेल्दछ ।

## २. औचित्यः

नेपालको संबिधान २०७२ को भाग ३ मौलिकहक र कर्तव्य अन्तर्गतधारा ३० मा उल्लेखित स्वच्छवातावरणको हक र धारा ३५ मा उल्लेखित स्वास्थ्य सम्बन्धिहकको सुनिश्चितताको लागिपालिकाले जनताको स्वास्थ्य, पोषण, खानेपानीतथा सरसफाइ, कृषिआदि सम्बन्धिक्रियाकलापहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । पालिकाबाट सञ्चालनहुने क्रियाकलापहरुलाई परिणाममुखीबनाउन स्थानीय सरकारको तर्फबाटप्रदान गरिने न्यूनतम स्वास्थ्य, पोषण, खानेपानीतथा सरसफाइका सेवाहरुको बारेमा सुसुचितगर्दै उक्त सेवाप्रदायकहरुसम्म उनीहरुको पहुँच पुर्‍याउनबिभिन्नखालका सचेतनामुलकअभियानहरु सञ्चालन गरि स्वस्थ्य आनीवानीतथा सरसफाईका असलअभ्यासहरुकोविकास गरि त्यसको दिगोपनाकालागीपोषणउन्मुखनमुना गाउँपालिकानिर्माणकालागिपोषण, स्वास्थ्य, कृषि, महिलातथाबालबालिका, पशु र पूर्ण सरसफाइकाकार्यक्रमहरु तर्जुमा गरि तपसिलमाउल्लेखितचुनौतीहरु सम्बोधन गर्न अपरिहार्य देखिन्छ ।

- पोषणमैत्रीनमूनाटोल, बस्ती, वडाबनाई नमूनाटोल, बस्ती र वडाघोषणा गर्न।
- आफ्नो पालिकामा रहेका नागरिकहरुको सहभागिता र क्रियाशीलतालाई निरन्तरतादिई खुलादिसामुक्तअवस्थाको दिगोपनाकायम राख्दै पूर्ण सरसफाइतर्फ उन्मुखहुन।
- शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैंगिक समानताजस्ता क्षेत्रहरुसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरुको क्रियाशिलताअभिवृद्धि गरी समुदायका सम्पूणर् मानिसको क्षमता, जिम्मेवारी साथै जवाफदेहीतालाई अभिवृद्धि गर्न ।

## ३. उदेश्यः

पोषणविशेष र पोषण सम्बेदनशीलकार्यक्रम संचालन गरी १००० दिनकाआमा, किशोरी तथावालवालिकाको पोषणको अबस्थामा सुधार गर्दै पुणर् पोषणमैत्रीपालिकाबनाउनअभियान संचालन गर्ने । साथैः-

- स्वास्थ्यआमा समूहहरुलाई सुदृढिकरणगर्दै १००० दिने आमा र बच्चाहरुको पोषणस्थितीमा सुधार ल्याउनकालागिआमा समूहको भुमिकाको वारेमा सबै समूह सदस्यहरुलाई जागरुक बनाउने ।
- किशोरी, १००० दिने आमातथावालवालिकाको पोषण सुधारको लागी ६० सम्पर्क भेट तथा १० मुख्यव्यवहारहरुमाउनीहरुको पहुँच पुऱ्याउनको लागी सचेतना, सहयोग तथा पैरबी गर्ने ।
- खुलादिसामुक्तअवस्थाको दिगोपनालाई कायमगर्दै सरसफाइ र स्वच्छता सम्बन्धीअसलबानीव्यवहारको विकासमा सहयोग गर्ने ।
- घरायसीतथा संस्थागततहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचितप्रयोग, मर्मत सम्भार तथा स्तरोन्नती गर्ने वानीको विकासमा सहयोग गर्ने ।
- फोहोर मैलातथामानवमलमुत्रीयफोहोरको सम्भव भएसम्मपुनःप्रयोग गर्ने वातोकिएको मापदण्डकाआधारमा विसर्जन गर्ने बानीको बिकास गर्न सहयोग गर्ने।
- पालिका स्तरीय तथा वडा स्तरीय पोषण निर्देशक समितीहरु लाई कृयासिल बनाई बार्षिक योजनानिर्माणमा सहयोग गर्ने ।
- बालक्लबका सदस्यहरु, किशोर-किशोरी र विद्यालयकाशिक्षिकातथाछात्राहरुलाई महिनावारी स्वच्छताका राम्राव्यवहारहरु बारे बताउने र घरेलु स्तरमा स्यानेटरी प्याडनिर्माण गर्ने सिपप्रदान गर्ने ।
- एक घर एक करेशाबारीको अवधारणाअनुसार घरायसीखाद्यान्नउत्पादनमा बृद्धि गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवाकालागि स्वास्थ्यकर्मीहरु संग नियमित भेटघाटतथा सहयोग गर्ने ।

- स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइतथा स्वच्छता, लैंगिक समानता सम्बन्धि राष्ट्रियतथाअन्तराष्ट्रियदिवसहरु मनाउने ।

**४. कार्यक्रमकार्यान्वयन गर्ने विधि :**

**क) स्थानछनौटः** शीघ्र कडाकुपोषणको संख्याबढीभएकावडाहरुको अबस्था मध्यनजर गरी पोषणमैत्री बाताबरण सिर्जना गर्न एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ । १० वटा वडाका मध्य ५ वटावडाहरुलाई पोषणमैत्रीन मुना वडा घोषणा गर्न क्षेत्रगत सुचकहरुका आधारमा कार्यक्रम तय गरी संचालन गरिनेछ ।

**ख)छनौटकाआधारहरुः** पोषणमैत्री नमुना वडा छनौटकालागी निम्नानुसारको छनौटका आधारहरु रहनेछन ।

- सुनौलाहजार दिनका आमा तथा बालबालिकाहरुको संख्याबढीभएको वडा
- कडा कुपोषण बाटप्रभावित बालबालिको संख्याबढी भएको वडा
- किशोरीहरुको संख्या (बिद्यालयछोडेका) बढी भएको वडा
- सामाजिक तथा आर्थिक बञ्चितिकरणमा परेको समुदाय
- सामाजिक भावनाभएका तथा समुहमामिलेर काम गर्न प्रतिबद्ध रहेको समुदाय
- सामुहिक तरकारीको खेतीको लागीजमिनउपलब्धभई सवै घरधुरीहरु सामुहिकपोलीहाउसबाट तरकारीको बेर्ना लगेर आफनो बारीमालगाउनप्रतिबद्ध समुदाय
- लैंगिकतथा घरेलु हिंसा सम्बन्धीजानकारी गराउनआबश्यकठानिएको समुदाय
- पोषण मैत्री स्वास्थ्य संस्था स्थापना भएका वडाहरु ।

**५. कार्यक्रम सञ्चालनपश्चातका अपेक्षितनतिजाहरुः**

पोषण मैत्रीनमुनावडाकार्यक्रम संचालनपछिनिम्नानुसारका अपेक्षितनतिजाहरु प्रासहुनेछन ।

- गर्भवती महिला तथा सुत्केरी महिलाहरुको ४ पटक जांच ९५%भन्दा बढी भएको हुने छ ।
- मातृशिशु तथा बाल्यकालिनपोषणतथा हेरचाहमा सुधार आउने छ ।
- कडाशीघ्र कुपोषण र मध्यमशीघ्र कुपोषणको ब्यवस्थापनमा सुधार आउने छ ।
- स्वास्थ्यएवं पोषणको दृष्टिकोणले वानि-ब्यवहारमा सुधार हुनेछ ।
- हानिकारक चलन र बानिब्यवहार सुधार गर्न समुदाय सशक्तभएको हुनेछ ।
- बिद्यालय बाहिर र बिद्यालयमा रहेका १० देखी १९ बर्ष उमेर समुहका किशोरीहरलाई आईरन तथा फोलिक एसिड चक्की खाएका ९५% हुने छ ।
- सुरक्षिततथापोषणयुक्तखाद्यवस्तुको उपलब्धतातथाउपभोगमा सुधार आउने छ ।
- सुरक्षिततथादिगो किसिमको सरसफाई सेवाको पहुँच र उपभोगमा वृद्धिभएको हुनेछ।
- आमा समुहको बैठक नियमीतरुपमाबसी स्वास्थ्य स्वंय सेविकाहरुको सहजीकरणमाबच्चाको आमातथाशिशुको खोप र बृद्धिअनुगमनजस्ताकाकार्यहरु प्रभावकारी भएको हुने
- पोषणनमुनावडामाशिक्षा, स्वास्थ्य, खानेपानीतथा सरसफाई र पोषणको अवस्थामा सुधार भएको हुनेछ ।
- बिद्यालयछाडेका किशोरीहरुले पोषणलगायतअन्य स्वास्थ्य, सरसफाई तथा समाजिक विकास विषयमाआबश्यकज्ञान र जीवनउपयोगी सीप हासिल गर्नेछन ।
- पोषणनमुनावस्तीमा सामुहिकपोलीहाउस मार्फत तरकारीका वेर्ना तयार गरि सवैको करेसाबारीमा मौसम/बेमौसमी तरकारी लगाएको हुनेछ ।
- पोषणनमुनावडाकाबासिन्दाहरुकोपिउने पानीको शुद्धता सुनिश्चत गरिनेछ
- प्रत्येक घरमा पोषणमैत्रीपारिवारिक वातावरणतयार भएको हुनेछ ।
- बालविबाहतथाछाउपडीप्रथामाउल्लेख्य सुधार भएको हुनेछ ।
- पोषण मैत्री वडा घोषणाकालागिआधार तय भएको हुनेछ ।

- सबै बिद्यालयहरुमा पोषण सम्बन्धी अतिरिक्त कृयाकलाप संचालन गरेको हुनेछन।
- बाल बिबाहको अन्त्य हुनेछ ।

## ६.पोषणमैत्रीस्थानिय तहतथा पोषण सेवा बिस्तार कार्यक्रमतथाकार्यान्वयनप्रक्रिया

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयनप्रक्रिया | रकम |
|---|---|---|---|
| १ | गर्भवती महिलाहरुलाई प्रोटोकल अनुसार गर्भ तथा सुत्केरी परिक्षणकालागी वडा स्तरमा म स्वा से तथा अनमी परिचालन | ➢ स्वास्थ्यकर्मि तथा म स्वा से तथा जनप्रतीनिधीहरुलाई अभिमुखिकरण गर्ने।<br>➢ स्वास्थ्यकर्मि तथा म स्वा से मार्फत गर्भवती तथा सुत्केरी भएको महिलाको घर घरमा गई परिक्षण तथा परामर्श दिने ।<br>➢ प्रत्येक महिना आमा समुहको बैठक बसी गर्भवती तथा सुत्केरी आमाहरुलाई पोषण सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्ने ।<br>➢ १० वटै वडामा कार्यक्रम पुर्ण बिस्तार गरीने छ ।<br>➢ पोषण उन्मुख नमुना वडाको अबधारणा तथा पोषण सम्बन्धी अभिमुखीकरण गराईने छ ।<br>➢ प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा जाँच गराउन आउने महिलाहरुलाई खाजा उपलब्ध गराउने। | २९३८०० |

| | | | |
|---|---|---|---|
| २ | बिद्यालय Deworming कार्यक्रम | ➢ सबै बिध्यालयमा रहेका ५ बर्ष देखी माथि उमेर समुहका बिद्यार्थिहरुलाई स्वास्थ्यकर्मिहरु बाट बर्षको २ पटक जुकाको औषधी खुवाईने छ । | ४५००० |
| ३ | पुर्ण स्तनपान तथा थप खाना सम्बन्धी जनचेतना मुलक कार्यक्रम | ➢ ४२ वटा आमासमुहमा पुर्ण स्तनपान तथा थप खाना सम्बन्धी अभिमुखीकरण संचालन गरीने छ।<br>➢ थप खाना सम्बन्धी परामर्श कार्ड छपाईगरी बितरण गरीने छ। | १२६००० |
| ४ | बर्थिङ सेन्टरहरुको सुद्रिढिकरण | हाल संचालन भईरहेका बर्थिङ सेन्टर हरु वडा नं १० ९ १ र २ मा बिषेश सुबिधा सम्पन्न केन्द्र बनाईने छ।<br>२४ घण्टे नर्सिङ कर्मचाररीहरुलाई **SBA**तालिमको ब्यबस्था गरीने /MNH UPDATE गराउने। | ४९६७५० |
| ५ | पुर्ण सरसफाई सम्बन्धि अनुगमन चेक लिष्ट, स्टीकर, फ्लेक्स प्रिन्ट अनुगमन स्टिकर तथा पोषण अनुगमन रजिष्टर | ➢ नमुना टोल बस्तीहरुमा पोषण तथा सरसफाई सम्बन्धी चेक लिष्ट तयार गरी अनुगमन गर्ने ।<br>➢ चेतना मुलक फ्लेक्सहरु प्रीन्ट गरी नमुना टोल बस्तीमा टाँस गर्ने ।<br>➢ पोषण सम्बन्धी होडिङबोर्ड स्थापना | २००००० |

| | | | |
|---|---|---|---|
| ६ | छपाई तथा घर घरमा झुण्ड्याई नियमित अनुगमन तथापरामर्श कार्यक्रम।<br><br>पहिचान भएका SAM / MAM का बच्चाहरुको उपचार ब्यबस्थापन कार्यक्रम (OTC center बिस्तार)पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम | -गाउँपालिकाका ७ वटा स्वास्थ्य संस्थालाई OTC center को स्थापना गर्ने ।<br>-वडा नं १ २ र ९ मा OTC center स्थापना गर्ने<br><br>--वडा नं १ २ ५ ९ र १० मा भएका स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने।<br>- पोषण मैत्री स्वास्थ्य संस्था स्थापना वडा नं ३ ४ ६ ७ ८ | ४००००० |
| ७ | शुद्ध खानेपानीकालागि सुनौलो हजार दिनका विपन्न आमाहरुलाई खानेपानी फिल्टरसहयोग। (नमुना टोल ) | ➢ <u>**पोषणउन्मुखनमूनावडा बस्ती**</u>माबसोबास गर्ने सुनौलोहजारदिनकाविपन्नआमाहरुलाई शुद्द खानेपानी पिउने ब्याबस्था मिलाउने।<br>➢ शुद्द खानेपानी पिउने गर्नाले पानी बाट सर्ने संक्रामक रोगहरु कम हुदै जाने | ३००००० |

| | | | |
|---|---|---|---|
| | | ➢ एउटा वडामा १५ जना सम्मलाई बितरण गर्ने ।<br>➢ १० वटै वडाहरुमा १/१ समुह छनौट गरीने छ सोही छनौट भएका समुहहरुलाई बितरण गरीने छ । | |
| ८ | ५ बर्ष मुनीका बालबालीका हरुलाई पोषण स्थिती लेखाजोखा | ➢ प्रत्येक वडामा कार्यरत **म स्वा से** हरु बाट हरेक महिना जन्मे देखी २ बर्ष सम्मका बालबालिकाहरुलाई घर घर गई हरेक २ महिनामा तौल लिने , उचाई नाप्ने, तथा पाखुराको नाप लिने र सोको प्रतीबेदन मासिक रुपमा सम्बन्धीत स्वास्थ्य संस्था लाई बुझाउने।<br>➢ **स्वास्थ्यकर्मि**हरु बाट २४ महिना देखी ५९ महिना सम्मका बालबालीकाहरु लाई बर्षको कम्तीमा २ पटक तौल लिने , उचाई नाप्ने, तथा पाखुराको नाप लिने र सोको प्रतीबेदन मासिक रुपमा सम्बन्धीत स्वास्थ्य संस्था लाई बुझाउने।<br>➢ प्रती बच्चा जोखे वापत रु ५०।—उपलब्ध गराउने | ६००००० |

| | | | |
|---|---|---|---|
| ९ | पुर्ण खोप तथा खुल्ला दिशा मुक्त वडा तथा पालिका घोषणा अभियान | ➢ सबै बाल बालिकाहरु पुर्ण खोप युक्त हुने गरि कार्यकम तयार गरीने छ<br>➢ *सबै वडालाई पुर्ण खोप घोषणा गरिने छ।<br>➢ सबै वडाहरुलाई क्रमस खुल्ला दिशामुक्त वडा बनाईने छ ।<br>➢ सबै वडाहरुलाई खुल्ला दिशा मुक्त घोषणा गरी पालिकालाई नै खुल्ला दिशामुक्त बनाईने छ । | ३०९००० |
| १० | वडा स्तरीय आयोडिन युक्त नुन प्रयोग सम्बन्धी अभिमुखीकरण | ➢ १० वटै वडाहरुमा आयोडिन युक्त नुनको प्रयोग गर्दाको महत्व र उपयोगीता बिषयमा अभिमुखिकरण कार्यक्रम गरिने छ ।<br>➢ महिला स्वास्थ्य स्वयं सेबिका | १५१८०<br>० |
| ११ | पोषण अनुगमनकालागी सामाग्री खरीद | ➢ म स्वा सेहरुलाई तौल अनुगमनका लागी आवस्यक सामाग्री खरिद | १००००० |
| १२ | केराबारी अस्पतालमा बिभिन्न सुचनाहरु सम्प्रेसनकोलागी DEgital scrolling Board को स्थथापना | ➢ अस्पतालका बिभिन्न सेवा हरु सम्बन्धी सुचना जनता समक्ष पुग्नेगरी<br>स्थापना गरिने छ । | १००००० |
| १३ | बिध्यालय स्तरमा पोषण सम्बन्धी सामाजिक | -स्थापित कलाकारहरु द्वारा बिद्यार्थहरुलाई तालिम गराई आधारभुत र माद्यामिक तहका | ८००००० |

| | | | |
|---|---|---|---|
| | ब्याभार परिबर्तन सडक नाटक बाद बिबाद प्रदर्शनी तथा | बिद्यालयमा सडक नाटक प्रदर्शन गरीने<br>-सामाजिक कुप्रथा बिरुद्द बाद बिबाद प्रतियोगीता समेत गरीने छ | |
| १४ | खानेपानीको गुणस्तर परिक्षणका लागी सामाग्री खरिद तथा परिक्षण गर्ने | -मुख्य खानेपानीका स्रोतहरुको गुणस्तर परिक्षण गर्ने तथा खाने पानी उपभोक्ता समुहहरुलाई अभिमुखिकरण गरिने छ । | १००००० |
| १५ | पोषण प्रोफाईल तयारी | *पोषण मैत्रि गाउँपालिका घोषणाका लागी सुचकरुको बिष्लेशन तथा<br>घर धुरी सर्बेक्षण गरी तथ्याङ्क संकलन गर्ने । | २००००० |
| १६ | प्रारम्भिक बाल बिकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको लागि पोषण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | • सबै बिध्यालयहरुका तथा सामुदायिक बालबिकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई सहभागी गराईने छ।<br>• बालबिकास केन्द्रमा बालबालिकाहरुको पोषण अबस्थाको लेखा जोखा गर्न सक्षम बनाईने छ । | ९४३५० |
| १७ | प्रारम्भिक बाल बिकास केन्द्र ब्याबस्थापन | *केराबारी गाउँपालिका अन्तर्गत संचालनमा रहेका सबै बालबिकास केन्द्रमा न्युनतम पुर्वाधार निर्माण तथा ब्याबस्थापन गरीने छ । | ७००००० |

| | | | |
|---|---|---|---|
| | | ⁎संख्यात्मक रुपमा बढि बालबालिका भएका बालबिकास केन्द्रहरु मध्य कम्तिमा २ वटा लाई नमुना केन्द्रको रुमा बिकास गरीने छ | |
| १८ | माध्यामिक तहका बिद्यालयहरुमा पोषण अभिमुखीकरण कार्यक्रम | ⁎केराबारी गाउँपालिका अन्तर्गतका माध्यामिक तहका बिद्यालयहरुमा बिद्यालय ब्याबस्थापन समिति शिक्षक तथा बिद्यार्थि प्रतिनीधीहरु बिच पोषण सम्बन्धि अन्तर्कृया तथा छलफल गरिने छ।<br>⁎१ बिद्यालयमा कम्तिमा ३० देखि ४० जनाको सहभागीता हुने<br>छ।<br>⁎जंक्क फुड न्युनिकरणकालागी योजना बनाईने छ। | १७०००० |
| १९ | बालबिकास केन्द्रका बालबालिकाहरु लाई टिफिन बट्टा बितरण | ⁎बाल बिकास केन्द्रका बालबालिकाहरुलाई स्वच्छ खाना तथा खाजा खुवाउने उदेश्यलाई पुरा गर्नकोलागी प्रत्येक बालबालिकाहरुलाई ७०० गोटा टिफीन बट्टा बितरण गरीने छ | ३५०००० |

| | | | |
|---|---|---|---|
| २० | करेसा बारी स्थापनाका लागी सिजनेवल तरकारीको बिउ बितरण | ➢ सवै कृषक समुहका घरधुरीले पाउने गरि बिभिन्न जातका तरकारीको मिनिकिट बितरण गर्ने<br>➢ कृषिशाखाको प्राविधिकले सहजीकरण गर्ने छ ।<br>➢ तरकारीको बिउ बितरणपश्चात किसानहरुले तरकारी बारीमालगाएको वा नलगाएको बारे अनुगमनसमेत गरिने छ । | ५,००,००० |
| २१ | रैथाने बालि उत्पादन सचेतना सम्बन्धी तालिम कार्यक्रम | स्थानीय स्तरमा लोप हुदै गएका खाद्य बालिहरुलाई संरक्षण गर्न भौगोलिक अबस्थाअनुसार बालि संरक्षण गरी किसानहरुलाई महत्व | १,००,००० |

| | | | |
|---|---|---|---|
| | | बारे जानकारी गराउने । | |
| २२ | रैथाने बालिहरुको बिउ वितरण | बिभिन्न किसिमका रैथाने बालिको विउ वितरण | १,००,००० |
| २३ | रैथाने बाली उत्पादन/प्रसोधन/प्याकेजिङ सम्बन्धि सामाग्री बितरण | स्थानिय सहकारी/कृषक समुहहरु मार्फत पालिका तथा आसपासमा उत्पादन भएका रैथाने बालीहरु सङ्कलन गरि प्रशोधन तथा प्याकेजिङ गर्न आवाश्यक सामाग्री वितरण गरिने छ । | १,५०,००० |
| २४ | प्रत्येक वडामा नमुना जैबिक फर्म स्थापना | १० वटा वडा मध्य ६ वटा मा नमुना जैविक फर्म स्थापना गरीने छ। फार्म स्थापनाकालागी आवस्यक सामाग्रीहरु प्रति फार्म रु. ५००००।— रकम नबढ्ने गरी का कृषि सामग्रीहरु | ३,००,००० |

| | | | |
|---|---|---|---|
| | | (बिउ/बिजन, बिभिन्न उत्पादन संग सम्बन्धी सामाग्री टनेल, मल्चिङ, बिभिन्न औजार उपकरण तथा अन्य कृषि सामाग्री) बितरण गरिने छ । | |
| २५ | प्राकृतिक खेती जैविक बिषादि तथा प्रङ्गारिक मल उत्पादन सम्बन्धी ३ दिने तालिम कार्यक्रम ( जैविक बिषादि/मल बनाउने सामाग्री बितरण सहित) | • गाउँ पालिकाका बिभिन्न ठाउँहरुमा रहेका किसान समुहहरु तथा सहकारीहरुका सदश्य तथा अगुवा कृषक मार्फत प्राकृतिक खेती जैविक बिषादि तथा प्रङ्गारिक मल उत्पादन सम्बन्धी क्षमता अभिबृद्धी गरी प्रयोग गर्न अभिप्रेरित गरिने छ ।<br>• जैविक तथा प्रङ्गारिक मल बनाउने सामाग्रीहरु | २,००,००० |

| | | | |
|---|---|---|---|
| | | बितरण गरिने छ । | |
| २६ | खाद्य स्वच्छता र गुणस्तर सम्बन्धी बजार साथै बिभिन्न कृषि फर्महरको अनुगमन | बिभिन्न ठाँउमा उत्पादन भएका कृषि उपजहरुको खाध्य स्वच्छताको अनुगमन गर्ने ।<br>• बजार अनुगमन गर्ने ।<br>होटल, डेरी, बधशाला अनुगमन गर्ने । | ५०,००० |
| २७ | करेसाबारी स्थापनाकालागी १ दिने सचेतना कार्यक्रम | ➢ कृषक समुहहरुले करेसाबारीमा तरकारी खेती कसरी गर्ने थाहापउने छन।<br>➢ सिजन अनुसारको तरकारी उत्पादन गरी आय आर्जन र पोषीलो सन्तुलित आहारको | १,००,०००।- |

| | | | |
|---|---|---|---|
| | | ब्याबस्थापन हुने छ । | |
| २८ | बिद्यालय पोषण कर्नर तथा प्रथामीक उपचार कक्ष स्थापना | ➢ बिद्यालयमा अध्यानरत बालबालिकाहरुको मासिक पोषण अनुगमन हुने छ।<br>➢ पोषण सम्बन्धि स्वास्थ्य शिक्षा प्रदान हुने छ ।<br>➢ बिद्यालय स्तरमै सामान्य प्राथामीक उपचार हुने छ । | ४२५०००। |

**३१. मानबश्रोतको व्यवस्थापन तथा परिचालन**

यस अभियानअर्थात पोषण मैत्री स्थानियतह सेवा बिस्तार कार्यक्रम सञ्चालनकालागिसमग्र रुपमाकार्यक्रमलाई कार्यान्वयनमा सहयोग पुर्याउनपोषण संयोजक र प्रत्येक पोषण मैत्रीनमुनाटोलमाएक जना सामुदायिकपोषणसहजकर्ता करारमा नियुक्त गरी परिचालन गरिने छ । करारमा नियुक्तकर्मचारीले प्रमुखप्रशासकीयअधिकृतको मातहतमा रहीविषयगतशाखाहरुसंग समन्वय गरी कार्यक्रमकार्यान्वयन गर्न पर्ने छ ।

| क्र.सं. | प्रस्तावीत क्रियाकलाप | कार्यान्वयन प्रक्रिया | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सामुदायिक पोषण सहजकर्ता नियुक्ती | ➢ अ न मी एक जना करारमा नियुक्ती गरीने छ ।<br>➢ करार अबधी १ बर्षको हुने छ।<br>➢ निजले तोकीएको पोषण सम्बन्धी कार्यक्रमहरु बिषयगत शाखाहरुको समन्वयमा प्रमुख प्रशासकीयको माताहतमा रही कार्य सम्पन्न गर्नु पर्ने छ। | ४३७७२६ |

**३२. कार्यक्रम अनुगमन तथा सुपरीबेक्षण बिबिध**

कार्यक्रमको सहज रुपमा कार्यन्वयन भए नभएको हेर्ने कार्यक्रम संचालनमा कुनै प्रकारको ब्याबधान भएमा वा सहजिकरण गर्नुपर्ने भए कार्यन्वयन स्थानमै गई कार्यलयका प्रमुख वा सुपरभाईजर बाट कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षण गर्ने ब्याबस्था मिलाउने ।

| **क स** | **क्रियाकलाप** | **कार्यान्वयनप्रक्रिया** | **रकम** |
|---|---|---|---|
| ३२.१ | कार्यक्रम अनुगमन तथा सुपरीबेक्षण सामाग्री ढुवानी ढुवानी तथा यातायात खर्च | सुपरभिजन चेक लिष्ट तयार गर्ने ।<br>कार्यक्रम कार्यन्वयन स्थलमा सुपरभिजन गर्ने<br>प्रतीबेदन गर्ने | ८०५७४ |
| ३२.२ | बिबिध | | २०००० |
| | जम्मा | | ८०,००,०००।०० |

**आज्ञाले,**

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत